# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं, भाद्र १६ गते २०१८ साल [संख्या २१


श्री ५ को सरकार

### अर्थ, आर्थिक कार्य विषय मन्त्रालयको सूचना

सरकारी रुपैयां खर्चसम्बन्धी (कार्यविधि) नियमहरू, २०१६ को नियम १ को उपनियम (२)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायमा लेखिएको अफिसहरूमा सरकारी साधारण बजेटतर्फको खर्चको सम्बन्धमा उक्त नियमहरू लागू हुने मिति २०१८ साल श्रावण १ गते तोकिदिएको छ।

तपसील

(क) गृहमन्त्रालय र उपत्यका भित्रका सम्बन्धित विभाग तथा अन्तर्गत अड्डामा ( पुलिस हेडक्वार्टर र सो अन्तर्गतका पुलिस अफिस बाहेक )

(ख) अर्थ आर्थिक कार्य विषय मन्त्रालय र उपत्यका भित्रका सम्बन्धित विभाग तथा अन्तर्गत अड्डाहरूमा।

(ग) कृषि मन्त्रालय र उपत्यका भित्रका सम्बन्धित विभाग तथा अन्तर्गत अड्डाहरूमा (खाद्य विभाग तथा सो विभागको अन्तर्गत अड्डा बाहेक )

(घ) वन मन्त्रालय र उपत्यका भित्रका सम्बन्धित विभाग र अन्तर्गत अड्डामा।



४०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) स्वास्थ्य मन्त्रालय र उपत्यका भित्र सम्बन्धित विभाग तथा अन्तर्गतअड्डामा (बिजुली र नहर विभाग बाहेक)

(च) विकास मन्त्रालय र उपत्यका भित्रका सम्बन्धित विभाग तथा अन्तर्गत अड्डामा।

(छ) निर्माण संचार मन्त्रालय र सम्बन्धित विभाग तथा अन्तर्गत अड्डाहरूमा (रोडर विल्डिङ र रेल्वे बाहेक)

(ज) राष्ट्रिय योजना परिषद् र सम्बन्धित विभाग तथा अन्तर्गत अड्डामा।

(झ) महालेखा परीक्षकको विभागमा।

(ञ) सर्वोच्च अदालतमा मात्र।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव
अर्थ, आर्थिक कार्य विषय मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

४१० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।